Amritology , 27 12 2014

## एक वारिस बच्चाको परमात्मासँग आत्मिक कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ। म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु।

### म को हुँ ?

म परमात्म परिवारको एक वारिस बच्चा हुँ। मैले स्वयम् परमात्माद्वारा पदमापदम सौभाग्यको वर्सा प्राप्त गरिरहेको छु।

### म कसको हुँ ?

### आत्माको बाबासँग कुराकानी:

मीठे बाबा– गुड मर्निङ्ग। बाबा ! मलाई स्नेह भरी ईश्वरीय ब्राह्मण परिवारको सम्बन्ध सम्पर्कमा ल्याउनु भएकोमा धेरै धेरै धन्यवाद। बाबा हजुरले मलाई केवल यो मात्रै ज्ञान दिनु भएन– म एक महान् आत्मा हुँ तर यो पनि सम्झाउनु भयो कि म हजुरको बच्चा हुँ। हजुरका साथ माता-पिता र बच्चाको सम्बन्ध जोड्नासाथ सारा ईश्वरीय परिवारका साथ मेरो एक रूहानी एवं पवित्र सम्बन्ध भाइ-बहिनीको सम्बन्ध जोडिएको छ।

### बाबाको आत्मासँग कुराकानी:

मीठे बच्चे ! जाग ! मसँगै बस। के तिमीले सपनामा पनि सोचेकी थियौ– तिमीलाई मेरो वारिस बन्ने सौभाग्य प्राप्त हुनेछ ? मेरो सम्पूर्ण सम्पतिको तिमी अधिकरी बनेका छौ। म तिमी बच्चीहरूलाई माता-पिता तथा बालकको सम्बन्धको अनुभव गराउन र तिमीलाई तिम्रो वर्सा दिनका लागि यस सृष्टिमा अवतरित भएको छु। तिमीलाई यो सौभाग्य ईश्वरीय परिवारसँग सम्बन्ध जुट्ने बित्तिकै प्राप्त हुन्छ। दु:खको दुनियाँलाई छोडेर सुखमय संसारतीर तिमी गइरहेका छौ। सर्वोच्च ईश्वरीय मर्यादाहरूलाई पालन गरेर तिमी मर्यादा पुरुषोत्तम बन्दै गइरहेको छौ।

### बाबाद्वारा प्रेरणा:

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ। बाबा हुनुहुन्छ शान्तिका सागर। यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु।

### बाबाद्वारा वरदान:

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरूप स्पष्ट देखिइरहेको छ। बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई बरदान दिइरहनुभएको छ– स्नेहका सागर एवं स्नेह सम्पन्न नदीहरूको मेला हुन्छ अनि नदि पनि बाबा समान मास्टर स्नेहको सागर बन्दछ। तिमी मास्टर स्नेहका सागर बनेर सबैलाई स्नेहभरी पालनाको पवित्र धागो बाँधिरहेका छौ र सबै आत्माहरूको मनोकामनाहरूलाई पूर्ण गरिरहेका छौ। तिमीले सबैलाई आफ्नोपनको आभासको अनुभव गराइरहेका छौ र सबैलाई बाबाको दिलतख्ततीर लगिरहेका छौ जहाँ उहाँबाट पालना र तिम्रो विकास भइरहेको छ।

### बेहदको सूक्ष्म सेवा: (आखिरी पन्द्र मिनेट)

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, मैले पुरा विश्वलाई दान दिइरहेको छु। आफ्नो फरिस्ता पोशाक पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरूलाई यो वरदान दिइरहेको छु।

### राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं। चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिन ? यदि गरेको भए बाबालाई बताउँ। कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाउँ। तीस मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं। आफ्नो दिललाई सफा र हलुङ्गो बनाएर सुतौं।